# Nepal Coronavirus CivActs Campaign

अंक #१७
१२।१।२०७७

भ्रामक समाचार, हल्ला र अफवाहरुले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।



काठमाण्डौमा बौद्ध भिक्षुहरु मास्क लगाएर सामुहिक रुपमा कोरोना प्रभावितहरुका लागि प्रार्थना गर्दै
तस्बिर: EPA-EFE




## सामान आयात बिन्दुमा अपनाउनु पर्ने १० सुरक्षा विधि

१ सरसफाई तथा निसंक्रमण प्रमाण पत्र, स्वघोषणा फारम

२ प्रवेश बिन्दु

३ स्वास्थ्य परिक्षण

४ सरसफाई तथा निसंक्रमण प्रमाण पत्र को लागि सम्बन्धित प्रशासन वा पालिकामा सम्पर्क गर्ने

५ सरसफाई तथा निसंक्रमण



६ होल्डिङ यार्ड

७ कागजात परिक्षण

८ नमुना संकलन र क्वारेन्टाईन प्रकृया

९ भन्सार प्रकृया

१० रिलिज

सामान आयात बिन्दुमा लोड हुनु अगाडी निसंक्रमण गरेर मात्रै सामान लोड गरेको प्रमाण पत्र अनिवार्य पेश गर्नु पर्नेछ । चालक र मालवस्तु लिईआउने व्यक्तिमा रोगको लक्षण नभएको यकिन गर्नुपर्ने छ र संक्रमण नभएको प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

# हल्ला र तथ्य



**वैदेशिक रोजगारीको शिलशिलामा मृत्यु भएका श्रमिकका मृतकका परिवारले मृतकको शव पनि ल्याउन सकिरहेका छैनन् । यसको लागि गुहार्ने कुनै निकाय छैन ?**

मलेसिया, खाडी, मध्यपूर्व एसिया लगायतका मुलुकमा वैदेशिक रोजगारीको शिलशिलामा विविध कारणले मृत्यु भएका तर अहिलेको अवस्थाले शव नेपाल ल्याउन नसकिएका मृतकको नेपालमा रहेका परिवारका सदस्यले मृतकको नाम थर, पापोर्ट नम्बर, मृत्यु भएको देशको नाम, मृत्यु भएको मिति र नेपालमा सम्पर्क व्यक्तिको नाम र फोन नम्बर सहितको विवरण नेपालबाट नि:शुल्क ११४१ वा १६६००१५०००५ र विदेशबाट सशुल्क ९७७१५९७०००८ मा फोन गरेर, ९८०१८०००१३ मा ईमो/भाइबर र callcenter@fepb.gov.np मा इमेल गरेर उपलब्ध गराउन वैदेशिक रोजगार बोर्डले सूचना जारी गरेको छ ।



**नियमित खोप कार्यक्रम अवरोध भएका कारण विभिन्न ठाउँमा दादुराको प्रकोप बढ्यो भन्ने समाचार आईरहेकाछन् । सरकारले यस विषयमा के गरिरहेको छ ?**

हालको अवस्थामा नियमित खोप कार्यक्रम अवरोध भएका कारण विभिन्न ठाउँमा दादुराको प्रकोप बढ्यो भन्ने विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ध्यानाकर्षण भएको छ । यसका लागि मन्त्रालयले सबै स्थानीय तहलाई नियमित खोप सञ्चालन गर्न र सञ्चालनमा आवश्यक सहयोग र समन्वय गर्न यहि बैशाख १० गते पत्राचार मार्फत निर्देशन दिईसकेको छ ।



**भारतको सिमाबाट सामान आउन बन्द भयो भन्ने हल्ला छ । के साँचिकै सामानको आवतजावत पनि बन्द भएकै हो त ?**

भारतको पश्चिम बंगाल सरकारले आफ्नो सबै नाकाहरू बन्द गरेका कारण २०७६ चैत्र २७ गते देखी काकरभिट्टाबाट सामान आउने जाने क्रम रोकिएको छ । तर, अन्य नाकाबाट भने सामान नियमित रुपमा ढुवानी भईरहेको छ ।



**स्वास्थ्यकर्मी र सुरक्षाकर्मी बाहेकका कर्मचारी कार्यालय जानु पर्दैन ?**

लकडाउनको अवधिभरी, स्वास्थ्य, सुरक्षा, खाद्यवस्तु, खानेपानी, दुध, विद्युत, दुरसञ्चार, सूचना तथा, सञ्चार, भन्सार, क्वारेन्टाईन, फोहोरमैला व्यवस्थापन जस्ता अत्यावश्यक सेवा काहेक अन्य कार्यालय सञ्चालको लागि आवश्यक पर्ने कर्मचारी मात्र कार्यालयमा उपस्थित हुने र अरु कर्मचारी आवश्यक परेको बेला तुरुन्त उपस्थित हुने गरी कार्यालय प्रमुखले बिदा दिने व्यवस्था गरिएको छ ।

## सूचनाका स्रोतहरू

- नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय
- जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र
- स्वास्थ्य र जनसंख्या मन्त्रालय
- कोरोना कोष सञ्चालन निर्देशिका, २०७६
- कोभिड(१९ को अवस्थाअ
- कृषि तथा पशुपंछी विकास मन्त्रालय
- नेपाल श्रम शक्ति सर्वेक्षण
- सुरक्षित हुन के गर्ने
- प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय



accountabilitylab NEPAL

# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | | | |
|---|---|---|---|
| साउदी अरब | ३,५२,६६७ नेपाली | १३,९३० संक्रमित | ४ नेपाली संक्रमित |
| कुवेत | ८२,६३० नेपाली | २,३९९ संक्रमित | ५ नेपाली संक्रमित |
| बहराईन | २८,२७६ नेपाली | २,०९८ संक्रमित | २२ नेपाली संक्रमित |
| कतार | ४,३७,००९ नेपबाली | ७,७६४ संक्रमित | २ नेपाली संक्रमित |
| युएई | २३,११,०८८ नेपाली | ८,७५६ संक्रमित | १० नेपाली संक्रमित |
| ओमान | ८,२५० नेपाली | १,७१६ संक्रमित | |
| मलेसिया | ४,६९,१३१ नेपाली | ५,६०३ संक्रमित | १ नेपाली संक्रमित |
| दक्षिण कोरिया | ५३,६९१ नेपाली | १०,७०८ संक्रमित | |



गन्तव्य राष्ट्रमा संक्रमित नेपाली

गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या

गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या

ShramikSanjal

## वैदेशिक रोजगारीमा रहेका श्रमिकका लागि उपयोगी जानकारी



साउदी अरब, यू.ए.ई., कतार, ओमान, कुवेतमा अप्रिल २४ र बहराईनमा अप्रिल २५ बाट रमदान सुरु हुने भएकोले, ति देशहरुमा लकडाउनका समय पनि परीवर्तन भएका छन् । यहि समयमा कतारले १७ जना नेपालीलाई विभिन्न जेलबाट रिहा गर्दैछ भने यू.ए.ई.ले जम्मा २००० भन्दा बढी कैदीलाई रिहा गर्दैछ । तर, त्यहाँ रिहा हुने नेपालीको संख्या भने यकिन छैन ।



साउदी अरबमा मे १० देखी हरेक ग्रोसरी (बकाला) हरुमा डिजिटल पेमेन्ट लागु गरीने भएको छ ।



मलेसियामा आवागमन नियन्त्रण आदेश (Movement control order) १२ मे सम्मको लागि बढाईएको छ । यदी यसको पालना नगरेमा जरीमाना र जेल सजायको कडा व्यवस्था गरेकोछ । मलेसियामा संक्रमित नेपालीहरुको अन्य मुलुकको तुलनामा कम छ । अहिले यहाँ उपचार गराईरहेका भन्दा उपचार गरेर सन्चो हुनेको संख्या धेरै छ ।



यदी हामी विदेशमा समस्यामा पर्यौं र दुतावाससंग राम्रो संपर्क हुन सकेन या समस्या समाधान हुन सकेन भने नेपालमा रहेको श्रम मन्त्रालयको कल सेन्टरमा पनि सम्पर्क गर्न सकिनेछ । यसको लागी नेपाली समय अनुसार बिहान ७ बजे देखी बेलुका ९ बजे सम्म ९७७-१-५९७०००८ मा फोन गर्न सकिन्छ भने ९७७९८०१८०००१३ मा भाईबर गरेर पनि आफ्नो कुरा राख्न सकीन्छ ।

# जुन गतिमा स्यापिड टेष्ट भईरहेको छ, के त्यसले लकडाउन खुल्ने प्रयाप्त आधार तय गर्छ ?

कोभिड - १९ स्यापिड डाईग्नोष्टिक टेष्टको दर




माथिको ग्राफले हरेक दिन उल्लेख्य मात्रामा स्यापिड डाईग्नोष्टिक टेष्ट भए पनि दुईहप्ता देखी टेष्टको दरमा प्रगती भएको देखिदैन । यसको कारण प्रयाप्त मात्रामा मानविय स्रोत साधान नहुनु पनि हुनसक्छ अथवा कमजोर समन्वय पनि हुनसक्छ । तर, सामान्य रुपमा जति चाँडो टेष्ट भयो त्यतिनै चाँडो लकडाउन खुल्छ भन्ने बुझिन्छ । के सरकारले टेष्टको दायरा बढाउन सक्ला वा कोभिड - १९ विरुद्ध लड्न छुट्टै रणनीति बनाउनु पर्ला ?

# $ फलो द मनी

जम्मा | खर्च

## संघिय सरकार

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्ब ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्ब १० करोड**

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च

**करिब १ अर्ब ५० करोड**

## प्रदेश २

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा हालसम्म जम्मा

**२५ करोड**

राहत तथा व्याज अनुदान कार्यक्रम

**३६ करोड**

स्थानीय तहलाई वितरण

**१७ करोड ७० लाख**

accountabilitylab NEPAL

# कोरोना रोकथाम, नियन्त्रण तथा उपचारलाई अझै प्रभावकारी बनाउन प्रदेश सरकारले चाल्नुपर्ने १० कदम

१ सबैलाई बुझाउन र बुझ्न सरल र सहज भाषामा प्रोटोकलको निर्माण गर्ने

२ राहत वितरणमा एकद्वार प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने

३ विज्ञ कर्मचारीलाई महत्वपूर्ण भुमिका दिएर परिचालन गर्ने मापदण्ड बनाउने

४ अग्रपंक्तिमा रहेर कामगर्ने सबै कर्मचारीलाई प्रोत्साहन सहितको सुरक्षा र अन्य सुविधा उपलब्ध गराउने

५ जनप्रतिनिधि-जनप्रतिनिधि, जनप्रतिनिधि-सरकार र जनप्रतिनिधि-जनतालाई जोड्ने कार्यक्रम ल्याउने

६ प्रदेश भरीका नाकाको संख्या आँकलन गरी आवतजावतलाई अझै कडा निगरानी गर्ने

७ क्वारेन्टाईनमा राखिएका व्यक्तिको निगरानी गर्ने सम्बन्धमा प्रदेश र स्थानीय तह बिचको प्रभावकारी समन्वय गर्ने

८ प्रभावकारी रुपमा कार्य सञ्चालन गर्न व्यक्ति भन्दा पनि संयन्त्र चाहिने भएकोले प्रदेश सभाका सदस्यको ध्यान फिल्डमै गएर काम गर्ने भन्दा पनि समय सापेक्ष नीति निर्माणमा केन्द्रित गर्ने

९ प्रदेश सरकार अन्तरगत कोरोना प्रतिकार्यमा भएको बजेट, खर्च तथा नीति निर्णयहरु नियमित सार्वजनिक गर्ने

१० जनचेतना फैलाउन उपलब्ध माध्यमको समुचित उपयोग गर्ने

यो सामाग्री Accountability Lab ले IRI संगको सहकार्यमा कर्णाली प्रदेश सभाका सभामुख, उपसभामुख लगायत प्रदेश सांसदसंग आयोजना गरेको भिडियो कन्फरेन्समा उठेका विषयवस्तुमा आभारीत छ ।

# मलाई कोरोना भाईरसको संक्रमण देखिएमा के गर्ने ?

## COVID-19
## हटलाईन सेवा

टोल फ्री हटलाइन
२४ घण्टा कटर परामर्श
१११५ र ११३३

हिंसा र दुरुपयोगको
जानकारी
९८०११९३०८८

खाना
१०० र ११३७

**यसको परिक्षण कहाँ हुन्छ?**

यो रोगको परिक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुका साथै सबै प्रदेशमा गरी जम्मा १४ वटा ठाउँहरुमा कोभिड - १९ को पि.सि.आर. विधिबाट नमुना परिक्षण गर्ने प्रयोगशालाहरु सञ्चालनमा छन् र आ.डि.टि. प्रविधिबाट ७७ वटै जिल्लामा यसको परिक्षण हुन्छ ।

**बिरामि आफै प्रयोगशालामा जान मिल्छ कि मिल्दैन ? कति शुल्क लाग्छ?**

बिरामि सिधै यस प्रयोगशालामा आउन मिल्दैन ।
यसको परिक्षणकोलागि कुनै शुल्क लाग्दैन ।

**रिपोर्ट आउन कति समय लाग्छ?**

पि.सि.आर. विधिबाट नमुना प्रयोगशालामा पठाएको ६ देखी ४८ घण्टामा यसको रिपोर्ट लिन सकिन्छ भने, आर.डि.टि. प्रविधिबाट १५ मिनेटमा यसको रिपोर्ट थाहा पाउन सकिन्छ ।

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि अप्रिल महिना भित्र २००० भन्दा बढी व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by
**Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219